**बैठक संख्या:-६१**

आज मिति २०८१ साल माघ २७ गते आइतवारका दिन विर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा वसी निम्न विषयमा छलफल गरियो ।

<u>उपस्थिती</u>

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं.वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं.वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं.का. वा.वडा अध्यक्ष | श्री हरि प्रसाद वास्कोटा | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं.वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं.वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतवन्धु राजवंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना वि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव (प्र.प.अ.) | श्री मिलन भट्टराई | |

CamScanner

**निर्णय नं. १** यस भन्दा अघि भएको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो।

**निर्णय नं. २** आगामी आ.व.को लागि देहायका योजनाहरु समपूरक र विशेष अनुदान कार्यक्रमको लागि प्रस्ताव तयार गरी पेश गर्ने निर्णय गरियो।

**क) समपूरक अनुदान तर्फ**

आगामी आ.व. ०८२।०८३ मा देहायका योजना तथा कार्यक्रमलाई राष्ट्रिय योजना आयोगमा प्राथमिकताको आधारमा समपूरक तथा विशेष अनुदानको लागि प्रस्ताव तयार गरि पठाउने निर्णय गरियो।

१. बिर्तामोड नगरपालिका वडा नं. १० मा रहेको निर्माणाधिन द्रोण मार्गमा सडक कालोपत्रे गर्ने।

२. बिर्ताबजार मियाँबाडी हुदै ७ नं वडा कार्यालय जोड्ने सडक कालोपत्रे गर्ने।

३. बिर्तामोड नगरपालिका वडा नं. १ देवी पञ्चकन्या बाट उत्तर अर्जुनधारा नगरपालिका सिमाना जोड्ने

**ख) विशेष अनुदान तर्फ**

१. बिर्तामोड नगरपालिका वडा नं. ८ देवनीयामा रहेको देवी गुठीको जग्गामा साईन्स पार्क प्लानेटेरीयम निर्माण गर्ने।

२. बिर्तामोड नगरपालिका अन्तर्गत रहेका विपन्न घर परिवारको लागि आवास निर्माण।

३. बिर्तामोड नगरपालिका वडा नं. ५ मा रहेको श्री महेन्द्र रत्न माध्यामिक बिद्यालयको नयाँ भवनको उत्तर तर्फ कभर्ड हल निर्माण।

**निर्णय नं. ३** जिल्ला प्रहरी कार्यालय, झापाको सहयोग सम्बन्धी माग निवेदन अनुसार ब्यारेक व्यवस्थापनका लागि देहाय अनुसारका फर्निचर सामाग्रीहरु उपलब्ध गराउने निर्णय गरियो।

**देहाय**

१.सुज र्याक (६*४.५) ५ थान

पवित्रा देवी [illegible] प्रसाई
नगर प्रमुख

२.स्टील दराज    २ थान

३.अफिस टेवल  २ थान

**निर्णय नं. ४** बिर्तामोड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय स्वास्थ्य शाखामा कार्यरत सि.अ.हे.व. श्री दीपक सापकोटा र  वडा नं. ४ मा रहेको आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत सि. अ.हे.ब.श्री गिता बराईली बीच सामाजिक सञ्जाल लगायतका सञ्चार माध्यमहरुमा घटना सार्वजनिक भएको र निजहरु उपर इलाका प्रहरी कार्यालय, झिलझिले झापामा थप छानविन अनुसन्धान भएको भन्ने सन्दर्भमा सि.अ.हे.ब.श्री दीपक सापकोटा र सि.अ.हे.ब. श्री गिता बराईलीबीचको सो समाचारले यस कार्यालयको कार्यवातावरणमा नै नकारात्मक असर पुगेको हुँदा निज दुवै कर्मचारीहरुलाई यस कार्यालयमा कामकाज गराउन उपयुक्त नदेखिएकाले स्थानीय सरकारी सेवाको (गठन तथा सञ्चालन)ऐन, २०८० को दफा  २४(४) बमोजिम यस कार्यालयबाट अन्यत्र सरुवा गरी पठाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगरमा सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** विविध।

१. मिति २०८१/१०/३० गते सन्थाल जातिको महत्वपूर्ण चाड सोहराय पर्व परेकोले उक्त दिन यस बिर्तामोड नगरपालिका क्षेत्रभित्रका अत्यावश्यक सेवा बाहेकका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, सम्पूर्ण शैक्षिक संस्थाहरुलाई सो पर्व मनाउनका लागि मिति २०८१/१०/३० गते बुधबार १(एक) दिन सार्वजनिक बिदा दिने निर्णय गरियो

२. बिर्तामोड नगरपालिका ७ नं.वडा कार्यालयमा नेटवर्क नभएकोले नेटवर्क सुधारका लागि टावर विस्तार गर्न नेपाल टेलिकमलाई सिफारिस माग गरी पठाउने निर्णय गरियो।

३. जिल्ला ट्राफिक प्रहरी कार्यालय, बिर्तामोड झापाको सहयोग सम्बन्धी माग निवेदन अनुसार १(एक) थान ब्रेथलाईजर र  क्यामरा उपलब्ध गराउने निर्णय गरियो ।

४. बिर्तामोड नगरपालिकामा गरिव घर परिवार पहिचान कार्यक्रमको हालसम्मको प्रगति विवरण सम्बन्धमा बैठकमा छलफल भई समीक्षा भयो।

पवित्रा देवी [illegible] प्रसाई
नगर प्रमुख